# Capital Adequacy Disclosures (FIRST  Quarter End of F.Y. 2015/16)

**Tier 1 Capital and breakdown of its components**

| | Particulars | Rs. In 000 |
|---|---|---|
| 1 | Paid up equity share capital | 3,424,000 |
| 2 | Irredeemable preference shares | 6,436,800 |
| 3 | Statutory general reserves | 3,688,102 |
| 4 | Retained earnings(loss) | 796,949 |
| 5 | Unaudited current year cummulative profit | 288,680 |
| 6 | Other free reserve | 229 |
| 7 | Deduction from capital - Investment in excess of limit | 91,040 |
| 8 | Debenture Redeemption Reserve | 460,000 |
| | **Total** | **15,003,720** |

**Tier 2 Capital and breakdown of its components**

| | Particulars | Rs. In 000 |
|---|---|---|
| 1 | Subordibnated Term Debt | 1,840,000 |
| 2 | General loan loss provision | 690,510 |
| 3 | Investment Adjustment Reserve | 1,026 |
| 4 | Exchange Equalization Reserve | 27,837 |
| | **Total** | **2,559,374** |

**Detailed information about the subordinated term debt with information on the outstanding amount,**

**maturity amount raised during the year and amount eligible to be reckoned as capital funds**

Rs. 1.84 billion, six percent debenture with maturity period of four years and is eligible

to be reckoned as capital fund.

**Total Qualifying Capital**

| | Particulars | Rs. In 000 |
|---|---|---|
| 1 | Core (Tier 1) Capital | 15,003,720 |
| 2 | Supplementary (Tier 2) Capital | 2,559,374 |
| | **Total** | **17,563,094** |

**Capital adequacy ratio** 12.83%

**Risk weighted exposures**

| | Particulars | Rs. In 000 |
|---|---|---|
| 1 | Risk weighted exposure for credit risk | 121,202,129 |
| 2 | Risk weighted exposure for operational risk | 8,559,390 |
| 3 | Risk weighted exposure for market risk | 1,246,754 |
| | **Total** | **131,008,274** |

**Risk weighted exposure under each of 11 categories of credit risk**

| | Particulars | Risk Weighted Exposure (In Thousand) |
|---|---|---|
| 1 | Claims on government & central bank | - |
| 2 | Claims on other official entities | - |
| 3 | Claims on banks | 2,484,926 |
| 4 | Claims on corporate & securities firms | 43,483 |
| 5 | Claims on regulatory retail portfolio | - |
| 6 | Claims secured by residential properties | - |
| 7 | Claims secured by commercial real state | - |
| 8 | Past due claims | - |
| 9 | High risk claims | 99,188,484 |
| 10 | Other assets | 11,280,858 |
| 11 | Off balance sheet items | 8,204,378 |
| | **Total** | **121,202,129** |

## Total risk weighted exposure calculation table

| | Particulars | Rs. In 000 |
|---|---|---|
| 1 | Total risk weighted exposures (supervisory haircut adjusted) | 136,891,095 |
| 2 | Total core (tier 1) capital | 15,003,720 |
| 3 | Total capital fund (tier 1 + tier 2) | 17,563,094 |
| 4 | Core capital to total risk weighted exposures | 10.96% |
| 5 | Total capital fund to total risk weighted exposures | 12.83% |

## Amount of NPA

| | Categories | Gross NPA (Rs. In 000) | Provision (Rs. In 000) | Net NPA (Rs. In 000) |
|---|---|---|---|---|
| 1 | Reschedule/Restructured loan | 1,024,287 | 614,572 | 409,715 |
| 2 | Substandard loan | 705,006 | 176,252 | 528,755 |
| 3 | Doubtful loan | 533,645 | 266,822 | 266,822 |
| 4 | Loss loan | 1,449,024 | 1,449,024 | - |
| | **Total** | **3,711,962** | **2,506,670** | **1,205,292** |

## NPA Ratio

| | |
|---|---|
| Gross NPA to Gross loan & advance | 5.15% |
| Net NPA to net loan & advance | 0.18% |

## Movement of Non Performing Assets

| | Categories | This quarter (Rs.in '000) | Previous quarter (Rs.in '000) | Difference (Rs.in '000) |
|---|---|---|---|---|
| 1 | Reschedule/Restructured loan | 1,024,287 | 798,313 | 225,974 |
| 2 | Substandard loan | 705,006 | 691,426 | 13,580 |
| 3 | Doubtful loan | 533,645 | 477,655 | 55,990 |
| 4 | Loss loan | 1,449,024 | 1,302,311 | 146,713 |
| | **Total** | **3,711,962** | **3,269,705** | **442,258** |

## Write-off Loan and Interest Suspense

| | Categories | Rs. In 000 |
|---|---|---|
| 1 | Write-off Loan and Its Interest | 3,660,100 |
| 2 | Interest suspense | 1,820,500 |
| | **Total** | **5,480,600** |

### Movement in Loan Loss Provision and Interset Suspense

| | Categories | This quarter (Rs.in '000) | Previous quarter (Rs.in '000) | Difference (Rs.in '000) |
|---|---|---|---|---|
| 1 | Loan loss provision | 5,703,475 | 5,614,346 | 89,130 |
| 2 | Interest suspense | 1,820,500 | 1,631,706 | 188,794 |
| | **Total** | **7,523,975** | **7,246,052** | **277,923** |

### Detail of Additional Loan Loss Provision

| Categories | This quarter (Rs.in '000) | Previous quarter (Rs.in '000) | Difference (Rs.in '000) |
|---|---|---|---|
| Additional loan loss provision | 2,455,870 | 2,455,870 | - |

### Segregation of investment portfolio

| | Categories | Amount in Thousand Rs. |
|---|---|---|
| 1 | Held for trading | - |
| 2 | Held to maturity | 7,775,476 |
| 3 | Available for sale | 91,040 |
| | **Total** | **7,866,516** |

# कृषि बिकास बैंक लि.
## त्रैमासिक प्रतिवेदन

आ. व. २०७२/०७३ आश्विन

**धितोपत्र दर्ता तथा निश्काशन नियमावली २०६५ नियम २२ (२) अनुसार**

**१. बित्तीय बिबरण**

**(क) त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्बन्धी बिबरण:**

आथिक  बर्ष २०७२/०७३ को प्रथम त्रैमासिक विवरण माथि उल्लेख भए बमोजिम ।

**(ख) प्रमुख बित्तिय अनुपातहरु:**

आथिक  बर्ष २०७२/०७३ को प्रथम त्रैमासिक विवरण माथि उल्लेख भए बमोजिम ।

**२. ब्यबस्थापकिय बिश्लेषण:**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी बिबरण:**

यस अवधिमा निक्षेप, आम्दानी लगायत बैंकको समग्र कारोवारमा उत्साहजनरुपमा बृद्धि भएको, तरलताको अवस्था सन्तोषजनक रहेको तथा बैंकको अन्य आय/ब्यय नियमित भएकोले टिप्पणी गर्नुपर्ने देखिदैंन ।

**(ख) आगामी अवधिको ब्याबसायिक योजनाको सम्बन्धमा:**

बैंकको पहिचान तथा प्रतिस्पर्धात्मक क्षेत्रको रुपमा रहेको व्यवसायिक कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिंदै ग्राहकको चाहना अनुरुप सामाजिक अभिमुखीकरण, समावेशीकरण तथा वित्तीय साक्षरतासहितको सघन एवं बिस्तृत बैंकिंग सेवा प्रदान गर्ने । बैंकको सेवाको गुणस्तरमा अभिबृद्धि गर्दै मानव संसाधनको उचित बिकास तथा परिचालन, Core Banking System T 24 मा बिस्तार एवं समग्र व्यवसायमा अभिबृद्धि गरी गूणात्मक सेवा प्रवाहको माध्यमद्धारा सम्पूर्ण सरोकारवालालाई लाभान्वित बनाउने ।

**(ग) बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी बिश्लेशणात्मक बिबरण:**

बैंकको कारोबार संचालनको सन्दर्भमा सृजना हुनसक्ने जोखिमलाई कानूनी एवं प्रशासनिक प्रकृयाबाट व्यवस्थापन गरी जोखिम न्युनिकरण गर्न बैंक प्रतिवद्धताका साथ क्रियाशिल रहेको तथा यसप्रकारका संचालन जोखिमबाट पर्नसक्ने क्षतीलाई बैंकको नियमित कारोवार विस्तारको माध्यमबाट पुर्ति गरी व्यवसायिकरुपमा सफलता हांसिल हुनेगरी कार्यक्रम संचालन गरिने ।

**३. कानुनी कारबाही सम्बन्धी बिबरण**

**देहाय अनुसारको मुद्दा दायर भएको भए, मुद्दा दायर भएको मिति, बिषय, मुद्दा दायर भएको संस्थापक वा संचालकको नाम र संभाब्य कानुनी उपचार सम्बन्धी बिबरण:**

**(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको बिरुद्ध कुनै मुद्दा दायर भएको भए:**

बैंकले यस अवधिमा कुल ७ थान मुद्दा दायर गरेको र सो बापतको रकम रु १५,०४,५६,०००। रहेको छ ।

**(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए:**

यस बैंकको जानकारीमा नभएको ।

**(ग) कुनै संस्थापक वा संचालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर  भएको भए:**

यस बैंकको जानकारीमा नभएको ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी बिश्लेषण:**

**(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा ब्यबस्थापनको धारणा:**

यस बैंकको शेयर निर्वाधरुपमा बजारमा खरीद बिक्री भैरहेको, बैंकको शेयरप्रति आम सर्वसाधारण लगानीकर्ताको विश्वास कायम रहेको तथा बजारले बैंकको शेयर ठिक ढंगबाट ग्रहण गर्दै आएकोले समग्र शेयर कारोवारको अवस्था सन्तोषजनक रहेको

**(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या:**

| शेयरको अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | शेयर कारोबार भएको कुल दिन | कुल शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| रु ५४८ | रु ४२१ | रु ४९९ | ४७ | १५६९ |

**५. समस्या तथा चुनौती:**

**संगठित संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौती स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित संस्थाको आन्तरिक र बाह्य भनी बर्गीकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न ब्यबस्थापनले अबलम्बन गरेको रणनीति सम्बन्धी बिबरण:**

**आन्तरिक:**

यस बैंकको आन्तरिक समस्या तथा चुनौती अन्तर्गत मुख्यत प्रभावकारी कार्य संचालन प्रणालीको अभाव, बढदो संचालन खर्च, निष्कृय तथा अपलेखित कर्जा व्यवस्थापनमा समस्या, आधार ब्याजदर तथा ब्याजदर अन्तर ब्यबस्थापनमा समस्या, कर्मचारीको दक्षता अभिबृद्धि र प्रभावकारी परिचालनमा समस्या आदि रहेका छन ।

**बाह्य:**

बैंकको बाह्य चुनौती अन्तर्गत देशको आर्थिक तथा राजनैतिक संक्रमणकालिन अवस्था, उर्जा संकट, ईन्धन संकट, २०७२।१।१२ को विनासकारी भूकम्प, बजारको तरलतामा देखिएको उतार चढाव, बैंकिंग क्षेत्रमा बढेको प्रतिस्पर्धा, तथा न्युन अंकको आर्थिक बृद्धिदरको कारण व्यापार व्यवसायमा परेको असर, आदी मुल चुनौतीको रुपमा रहेका छन। तत्पश्चात तराई आन्दोलनका कारण अर्थतन्त्रमा परेको प्रभाबको कारणबाट समग्र वित्तीय क्षेत्र थप चुनौतीपुर्ण बनेको छ ।

**चुनौती समाधान गर्न ब्यबस्थापनले अबलम्बन गरेको रणनीति:**

उपर्युक्त समस्याको समाधान गर्न तथा चुनौतीहरुको सामना गर्न बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पार्दै समग्र कार्य संचालन प्रणालीमा प्रभावकारीता अभिबृद्धि, मितव्ययीरुपमा कारोवार संचालन, बैंकमा भित्र्याईएको अत्याधुनिक बैंकिंग प्रविधि T 24 को सुरक्षित एवं अधिकतम प्रयोग, बैंकको सम्पूर्ण श्रोत र साधनको अधिकतम परिचालन गरी निष्कृय तथा अपलेखित कर्जा असुलीमा प्रभावकारीता, प्रतिस्पर्धी ब्याजदर कायम गर्दै संचालन खर्चमा कटौती गरी आधार ब्याजदर तथा ब्याजदर अन्तरको प्रभावकारी रुपमा व्यवस्थापन, उपलब्ध जनशक्तिको दक्षता र प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्दै सन्तुलित र प्रभावकारी जनशक्ति परिचालन गर्ने पद्धतीको विकास गरी आन्तरिक समस्याहरुको समाधान तथा बाह्य चुनौतीहरुको कारण पर्नसक्ने जोखिमको पूर्वानुमान गरी सो को लागी आवश्यक रणनीति तयार गरी अवलम्बन गर्दै आएको छ ।

**६. संस्थागत सुशासन**

नेपाल राष्ट्र बैंकबाट जारी गरिएका संस्थागत सुशासन सम्बन्धी सम्पूर्ण ब्यबस्थाको प्रभावकारीरुपमा पालना गरिएको छ । भविश्यमा पनि यसतर्फ थप सजगता अपनाउदै बैंक संचालक तथा ब्यबस्थापन आफ्ना शेयरधनीहरु, सर्बसाधारण निक्षेपकर्ता तथा सम्पुर्ण सरोकारवालाहरुको हित संरक्षण गर्नका लागी  सदैव प्रतिबद्व रहेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिबरणहरुको शुद्वता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिबेदनमा उल्लेखित बिबरणहरु सत्य, तथ्य र पूर्ण छन र लगानीकर्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै बिबरण, सूचना  तथा जानकारीहरु लुकाइएको छैन ।